निर्णय नं. १

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ मंसिर ०६ गते दिनको १:०० बजे बसेको ३५ औं नगर कार्यपालिका बैठकको निर्णय उपर छलफल तथा समिक्षा गरियो।

निर्णय नं. २

मिति २०८१ पौष २८ गते विहान ११:०० बजे नगरपालिकाको सभाहलमा १७ औं नगर सभा संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

जिल्ला समन्वय समितिको कार्यालयको पत्र संख्या ०७८/७९, च.नं. १९७, मिति २०७८/११/०३ गतेको पत्रानुसार यस नगरपालिकाको अनुरोधमा नगरपालिकाको प्रशासनिक भवन र कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुपाल्चोकको बीचमा रहेको जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको ट्रस घर यस नगरपालिकालाई क्यान्टिनको रुपम प्रयोग गर्नका लागि उपलब्ध गराइएकोमा उक्त ट्रस घर मर्मत संभार गर्दा लागेको खर्च विभिन्न कारणले हालसम्म समेत भुक्तानी हुन नसकेकोले उक्त मर्मत संभार वापतको खर्च रकम रु. २,५८,८४५।- (दुइ लाख अन्ठाउन्न हजार आठ सय पैंतालिस) यस नगरपालिका वडा नं. ४ निवासी जसमान तामाङलाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

सहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंको आर्थिक वर्ष २०८१/०८२ को बजेटवाट यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. २ को शेरामा कुखुरे धार्के खोला झोलुङ्गे पुल निर्माणका लागि रु. ८५ लाख बजेट विनियोजन भएको हुँदा वडा नं. २ को शेरामा उक्त योजना तथा बजेट कार्यान्वयन गरी सो झोलुङ्गे पुल निर्माण गर्ने प्रयोजनार्थ डि.पि.आर. तयार गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।त्यस्तै वडा नं. १० मा खत्रीथोक कार्कीटार जोड्ने झोलुङ्गे पुल निर्माणको लागि डि.पि.आर. तयार गर्नका लागि आश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिका अन्तर्गत वडा नं. १० स्थित सुकुटे लगायतका आम नागरिकहरुलाई सहज रुपमा पारदर्शी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य अनुरुप सुकुटेमा स्वास्थ्य सेवा विस्तार गर्नका लागि भौतिक पुर्वाधारको व्यवस्थापन गर्ने तथा कर्मचारीको समेत व्यवस्थापन गर्न नगरपालिकालाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ६

चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत नगर पूर्वाधार शिर्षक तर्फको देहाय बमोजिमका योजनाहरुको ठेक्का आह्वान गर्दा निर्माण व्यवसायीहरुको प्रतिस्पर्धा भई कुल विनियोजित बजेटमा बाँकी रहेको बजेटबाट पुन: बोलपत्र आह्वान गर्ने नगरपालिका कार्यालयको निर्णय स्वीकृत गरियो ।

तपशिल :

| क्र.सं. | योजनाको नाम | बजेट (भ्याट सहित) |
|---|---|---|
| १. | चौतारा बतासे कुम्भेश्वर सडक, वडा नं. ३ | ३३,००,००० |
| २. | चौतारा गिदाने सडक, वडा नं. ६ | ४१,९८,८५४.५३ |